दर्शी दैनिकमा मिति २०७६।०७।२८ गते प्रकाशित

आरुघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

आरुघाट ,गोरखा

गण्डकी प्रदेश ,नेपाल

आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आरुघाट, गोरखा गण्डकी प्रदेश, नेपाल

## नदी जन्यपदार्थको बिक्री शुल्क उठाउने सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

### प्रथम पटक प्रकाशन मिति: २०७६/०७/२८

आरुघाट गाउँपालिकाको कार्यपालिकाको निर्णय वमोजिम आ.व. २०७६/०७७ को लागि गण्डकी प्रदेशले निर्धारण गरेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमवाट बढाबढ हुने गरी आरुघाट गाउँपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका स्थानहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक नेपाली फर्म, संस्था वा कम्पनीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

### तपसिल

| ठेक्का नं | ठेक्का विवरण | अधिकतम परिणाम (घ.मि.) | न्यूनतम ठेक्का अंक रु. (मु.अ.क.बाहेक) | दरभाउत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| ०२-०७६/०७७ | **खण्ड ख .** अठ्ठाइसे बगर,बुढीगण्डकी र स्तुल खोला दोभान र चापानी बगर | ९७४०.४७ | १३,६३,६६५/- ( तेह लाख त्रिसठ्ठी हजार छ सय पैसठ्ठी रुपैया मात्र ) | १,०००/- | कबोल अंकको ५ (पाँच ) प्रतिशत |
| ०३-०७६/०७७ | **खण्ड ग .** आर्खेत खोला दोभान उत्तर र आर्खेत खोला दोभान दक्षिण क्षेत्र, शान्तिबजार क्षेत्र | ४६३५.०८५ | ६,४८,९११.९/- (छ लाख अटचालिस हजार नौ सय एघार रुपैया मात्र) | १,०००/- | कबोल अंकको ५ (पाँच ) प्रतिशत |

- नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदी) को दर प्रति घ.मि.(मु.अ.क.बाहेक) रु.१४०/-(एक सय चालिस )

**शर्तहरु:**

१. दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयबाट मात्र खरिद गर्न सकिनेछ । खरिद भएको दरभाउपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु प्रष्ट संग भरी फर्म, संस्था वा कम्पनीहरुले प्रत्येक पानामा सही छाप गरी सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा मात्र दर्ता गर्नु पर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २.०० बजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताहरु उपस्थिति नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । दरभाउपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म, संस्था वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर/मु.अ.करको प्रमाण पत्र तथा आ.व. ०७५/०७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२. दरभाउपत्र खरिद गर्ने,दर्ता गर्ने तथा खोल्ने दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

३. दरभाउपत्र फारम भरी पेश गर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कवोल अंकको कम्तिमा ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको रा.बा. बैंक आरुघाट शाखामा रहेको

प्रमुख प्रशासकीय अधिकृत

धरौटी खाता नं. ३०६०३०३००७१०४ मा दरभाउपत्रदाताको नामबाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरेको, नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि १२० (एक सय बीस ) दिन म्याद भएको जमानी पत्र (बीड वण्ड) दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । कवोल गरेको रकम अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

४. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराईएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन, तथा दरभाउपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. दरभाउपत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र दरभाउपत्रदाताको नाम,ठेगाना,सम्पर्क नम्बर स्पष्ट लेख्नुपर्नेछ ।

६. ढुंङ्गा, गिटी, बालुवा उत्खनन्, संकलन तथा बिक्री सम्बन्धमा केन्द्रिय अनुगमन समिति, प्रदेश स्तरीय अनुगमन समिति, जिल्ला अनुगमन समिति एवं नगरस्तरीय अनुगमन समितिबाट निर्देशन भए बमोजिम हुनेछ ।

७. ढुंङ्गा, गिटी, बालुवाको उत्खनन्, संकलन तथा बिक्री कार्य गर्दा जिल्ला समन्वय समितिको कार्यालय गोरखाबाट स्वीकृत प्रारम्भिक बातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पुर्ण रुपमा पालना गर्नुपर्नेछ ।

८. यस सूचनामा उल्लेख नभएका विषयहरु आरुघाट गाउँपालिकाको कार्यपालिकाको निर्णय, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) एवं प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

९. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत